धुर्कोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १ मितिः २०८२/१/१९

**भाग-२**

धुर्कोट गाउँपालिका

## धुर्कोट गाउँपालिकाको सामुदायिक विद्यालय स्तरिकरण मापदण्ड,२०८२

आज्ञाले,
ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# धुर्कोट गाउँपालिकाको सामुदायिक विद्यालय स्तरीकरण मापदण्ड - २०८२

| | |
|---|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०८२/०१/१७ |

## धुर्कोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बर्बोट, गुल्मी

# धुर्कोट गाउँपालिकाको सामुदायिक विद्यालय स्तरीकरण मापदण्ड - २०८२

## १. प्रस्तावना

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन २०२८ तथा प्रचलित शिक्षा नीतिहरूको आधारमा शिक्षाको गुणस्तर अभिवृद्धि, विद्यालयबीच स्वस्थ प्रतिस्पर्धा विकास तथा उत्तरदायित्व सुनिश्चित गर्न धुर्कोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूको स्तरीकरण (Grading) गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो मापदण्ड स्वीकृत गरी लागु गरेको छ । यस मापदण्डले विद्यालयको समग्र शैक्षिक, भौतिक तथा व्यवस्थापकीय अवस्थाको मूल्याङ्कन गरी गुणस्तर सुधारमा टेवा पुऱ्याउने लक्ष्य राखेको छ।

## २. उद्देश्य

• धुर्कोट गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक, व्यवस्थापकीय तथा भौतिक गुणस्तरको मापन तथा मूल्याङ्कन गर्नु।

• विद्यालयहरूको वर्तमान अवस्था विश्लेषण गरी सुधार गर्नुपर्ने क्षेत्रहरू स्पष्ट रूपमा पहिचान गर्नु तथा गुणस्तर अभिवृद्धिका लागि आवश्यक सुझाव प्रदान गर्नु।

• उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरूलाई प्रोत्साहन, पुरस्कार तथा थप अवसर प्रदान गरी अन्य विद्यालयहरूलाई समेत सकारात्मक प्रतिस्पर्धातर्फ अभिप्रेरित गर्नु।

• शिक्षा क्षेत्रसँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रियामा तथ्यगत आधार उपलब्ध गराई निर्णय प्रक्रियालाई प्रभावकारी, पारदर्शी तथा परिणाममुखी बनाउनु।

## ३. लागू क्षेत्र

यो सामुदायिक विद्यालय स्तरीकरण मापदण्ड धुर्कोट गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरूमा लागू हुनेछ।

यस अन्तर्गत आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय अवस्थाको मूल्याङ्कन गरी स्तरीकरण गरिनेछ र सम्बन्धित सबै निकायले यसको पालना गर्नुपर्नेछ।

## ४. स्तरीकरणका आधार (Indicators)

### (क) शैक्षिक उपलब्धि – ३० अंक

- माध्यमिक शिक्षा परीक्षा (SEE) वा सम्बन्धित विद्यालयको माथिल्लो कक्षाको वार्षिक परीक्षाको नतिजाको आधारमा विद्यार्थीहरूको शैक्षिक उपलब्धिको मूल्याङ्कन गरिनेछ। यस अन्तर्गत उत्तीर्ण दर, ग्रेड स्तर तथा समग्र शैक्षिक प्रदर्शनलाई आधार मानिनेछ।

### (ख) शिक्षक व्यवस्थापन – १५ अंक

- शिक्षकहरूको शैक्षिक योग्यता, पेशागत दक्षता तथा तालिम प्राप्त अवस्थाको आधारमा मूल्याङ्कन गरिनेछ।

- विद्यालयमा उपलब्ध शिक्षक—विद्यार्थी अनुपातलाई मापदण्डअनुसारको भए/नभएको आधारमा मूल्याङ्कन गरिनेछ।

- शिक्षकहरूको नियमित उपस्थित, समयपालन तथा शैक्षिक क्रियाकलापमा सक्रिय सहभागितालाई समेत मूल्याङ्कनको आधार बनाइनेछ।

### (ग) भौतिक पूर्वाधार – १५ अंक

- विद्यालयमा पर्याप्त तथा सुरक्षित कक्षाकोठा, आवश्यक फर्निचर तथा अनुकूल सिकाइ वातावरणको उपलब्धताको आधारमा मूल्याङ्कन गरिनेछ।
- स्वच्छ खानेपानी तथा विद्यार्थीमैत्री, सुरक्षित र व्यवस्थित शौचालयको उपलब्धता र अवस्थालाई मूल्याङ्कन गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधि (ICT), प्रयोगशाला तथा पुस्तकालयको उपलब्धता, पहुँच र प्रभावकारी उपयोगलाई समेत मूल्याङ्कनको आधार बनाइनेछ।

### (घ) विद्यालय व्यवस्थापन – १० अंक

- विद्यालय व्यवस्थापन समिति (SMC) तथा अभिभावक—शिक्षक संघ (PTA) को सक्रियता, नियमित बैठक तथा निर्णय कार्यान्वयनको अवस्थाको आधारमा मूल्याङ्कन गरिनेछ।

- विद्यालयको प्रशासनिक तथा वित्तीय कार्यसम्पादनमा पारदर्शिता, उत्तरदायित्व र अभिलेख व्यवस्थापनको अवस्थालाई मूल्याङ्कन गरिनेछ।

• अभिभावकहरूको विद्यालयका गतिविधिमा सहभागिता, सहयोग तथा समन्वयको अवस्थालाई समेत मूल्याङ्कनको आधार बनाइनेछ।

## (ङ) विद्यार्थी हाजिरी – १० अंक

• विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थितिको अवस्था (हाजिरी दर) का आधारमा मूल्याङ्कन गरिनेछ। यस अन्तर्गत औसत हाजिरी प्रतिशत, कक्षा उपस्थितिको निरन्तरता तथा अनुपस्थितिको अवस्थालाई समेत विचार गरिनेछ।

## (च) वित्तीय व्यवस्थापन – ५ अंक

• विद्यालयमा उपलब्ध बजेटको प्रभावकारी, पारदर्शी र योजना अनुसारको प्रयोगको आधारमा मूल्याङ्कन गरिनेछ।

• लेखा प्रणालीको व्यवस्थित र सही ढंगले सञ्चालन भएको अवस्था, नियमित लेखा परीक्षण (Audit) र वित्तीय अभिलेखहरूको उपलब्धता तथा प्रमाणिकताको आधारमा मूल्याङ्कन गरिनेछ।

## (छ) अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता – १५ अंक

- विद्यार्थीले विद्यालय स्तरको सांस्कृतिक कार्यक्रम, खेलकुद प्रतियोगिता, नाटक, गायन, नृत्य आदि कार्यक्रममा सहभागिता जनाउनुपर्छ।
- प्रत्येक विद्यार्थीले कम्तीमा एक प्रकारको गतिविधिमा सहभागी हुन प्रोत्साहित गरिनेछ।
- विद्यालयले आयोजना गर्ने सफाइ, वृक्षारोपण, स्वास्थ्य जागरूकता, वातावरण संरक्षणजस्ता सामाजिक तथा सामुदायिक सेवा गतिविधिमा विद्यार्थीको सहभागीता अनिवार्य हुनेछ।

# ५. अंक प्रणाली

| क्र.सं. | सुचक | अङ्क | स्तरीकरण | |
|---|---|---|---|---|
| | | | विद्यार्थी उत्तिर्ण ९० प्रतिशत भन्दा बढि भएमा | ३० |
| | | | विद्यार्थी उत्तिर्ण ७० प्रतिशत भन्दा बढि ९० प्रतिशत भन्दा कम भएमा | २० |
| | | | विद्यार्थी उत्तिर्ण ५० प्रतिशत भन्दा बढि ७० प्रतिशत भन्दा कम भएमा | १० |
| १ | एसइइ वा माथिल्लो कक्षाको शैक्षिक उपलब्धि | ३० | विद्यार्थी उत्तिर्ण ५० प्रतिशत भन्दा कम भएमा | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक संख्यामा शिक्षक दरबन्दी र तालिमप्राप्त शिक्षक भएमा | १५ |
| | | | विषयगत/ कक्षागत दरबन्दी भएमा | १० |
| २ | शिक्षक व्यवस्थापन | १५ | विषयगत/ कक्षागत शिक्षक दरबन्दी नभएमा | ५ |
| | | | पुर्ण सुरक्षित भवन र आवश्यक संख्यामा कक्षा कोठा भएमा | १५ |
| | | | पर्याप्त तर सुधार आवश्यक | १० |
| | | | न्युनतम मात्र उपलब्ध | ५ |
| ३ | भौतिक पूर्वाधार | १५ | अत्यन्तै अभाव | ० |
| | | | विव्यस गठन भई नियमित बैठक हुने गरेको | १० |
| | | | विव्यस गठन भई वर्षमा ३/४ पटक मात्र बैठक बस्ने गरेको | ५ |
| ४ | विद्यालय व्यवस्थापन | १० | वर्षमा १/२ पटक मात्र बैठक बस्ने गरेको | ० |
| | | | औषतमा ८० प्रतिशत भन्दा माथि | १० |
| | | | औषतमा ७० देखि ८० प्रतिशत सम्म | ५ |
| ५ | विद्यार्थी हाजिरी | १० | ७० प्रतिशत भन्दा कम | ० |
| | | | नियमित रुपमा सामाजिक परीक्षण तथा लेखा परीक्षण भइ बेरुजु नभएको | ५ |
| ६ | वित्तीय व्यवस्थापन | ५ | नियमित रुपमा सामाजिक परीक्षण तथा लेखा परीक्षण नभएको | ० |
| | | | विद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा प्रथम | १५ |
| | | | विद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा द्वीतिय वा तृतिय स्थान | १० |
| ७ | अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता | १५ | अन्य स्थान | ५ |
| जम्मा | | १०० | | |

## ६. स्तरीकरण (Grading)

| क्र.सं. | प्राप्त अंक (%) | स्तर |
|---|---|---|
| १. | ८५–१०० | A (उत्कृष्ट) |
| २. | ७०–८४ | B (राम्रो) |
| ३. | ५५–६९ | C (सन्तोषजनक) |
| ४. | ५५ भन्दा कम | D (सुधार आवश्यक) |

## ७. मूल्याङ्कन प्रक्रिया

- विद्यालयबाट आवश्यक विवरण संकलन
- अनुगमन टोलीद्वारा स्थलगत निरीक्षण
- प्रमाणका आधारमा अंक प्रदान
- कुल अंक गणना गरी स्तर निर्धारण
- प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश

## ८. मूल्याङ्कन समिति

गाउँपालिकाले निम्न समिति गठन गर्नेछः

- शिक्षा शाखा प्रमुख – संयोजक
- प्राविधिक/शिक्षा विज्ञ – सदस्य
- स्रोत व्यक्ति/प्रअ प्रतिनिधि – सदस्य
- शिक्षा शाखा कर्मचारी – सदस्य सचिव

## ९. अनुगमन तथा पुनरावलोकन

- प्रत्येक वर्ष कम्तीमा १ पटक स्तरीकरण गरिने
- आवश्यक अनुसार मापदण्ड परिमार्जन गरिने

## १०. प्रोत्साहन तथा सुधार योजना

- **A स्तर**: पुरस्कार/अतिरिक्त अनुदान
- **B स्तर**: प्रोत्साहन
- **C स्तर**: सुधार योजना आवश्यक
- **D स्तर**: विशेष सुधार कार्यक्रम लागू

## ११. विविध

यस कार्यविधिमा उल्लिखित मापदण्ड तथा व्यवस्था बाहेकका अन्य विषयवस्तुहरू, जसको उल्लेख यस कार्यविधिमा गरिएको छैन, त्यसको निर्णय धुर्कोट गाउँपालिकाको कार्यपालिका/गाउँपालिका परिषद्को नीति, आवश्यकता र परामर्श अनुसार निर्धारण गरी लागू गरिनेछ। यसअन्तर्गत आवश्यक परेमा अतिरिक्त निर्देशन, प्रावधान वा नियमावली तयार गरी विद्यालय स्तरीकरणको कार्यमा समायोजन गरिनेछ। यसरी लागू गरिने निर्णयले कार्यविधिको उद्देश्य, पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्नेछ।”